# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बहुअरी पिडरी, पर्सा
## मधेश प्रदेश, नेपाल

# करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०१/१५ गते शुकबार)**

बहुदरमाई नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि रोजगार सहायक र प्राविधिक सहायक खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा माग भए बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सुचना प्रकाशन गरिएको छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा भोलीपल्ट कार्यालय खुलेको दिनको कार्यालय समयमा दरखास्त बुझाउनु पर्ने छ।

तपसील:

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-२०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १(एक) | करार |
| २. | ०२-२०७९/०८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १(एक) | करार |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

क) रोजगार सहायकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको।

ख) प्राविधिक सहायकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाण पत्र वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको।

ग) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

घ) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३(तीन) महिनाको तालिम लिएको।

ङ) पूर्वाधार निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिभाषा हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तीमा ६ (छ) महिनाको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ।(प्राविधिक सहायकको लागि)

**२. दरखास्त बुझाउने स्थान :** बहुदरमाई नगर कार्यपालिकाको कार्यालय, बहुअरी पिडरी, पर्सा।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८०/०१/२९ गते सम्म।

**४. आवेदन दस्तुर :** रु ५००/- ( पाँच सय मात्र)।

**५. दरखास्त दस्तुर बुझाउने स्थान :** सिद्धार्थ बैंक लि., बहुदरमाई शाखामा यस नगरपालिकाको आन्तरिक श्रोत तथा विविध आम्दानी खाता, खाता नं. ००२१५३७८५४४।

**६. छनौटको किसिम :** प्रारम्भिक योग्यता सुचीको प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

**७. आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयम्ले प्रमाणीत गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि

क) नेपाली नागरिकताको प्रमाण पत्र

ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) तालिमको प्रमाणपत्र

ङ) अनुभव भए सो को प्रमाणपत्र

च) दुई प्रति पासपोर्ट साइजको फोटो।

**८. सेवा सुविधा तथा अन्य :** स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

**नोट :** आवेदनको ढाँचा, कार्य विवरण तथा पाठ्यक्रम लगायत अन्य जानकारी **www.pmep.gov.np** र यस बहुदरमाई नगरपालिकाको वेभसाइट **www.bahudarmaimun.gov.np** बाट उपलब्ध हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**